☎: ०५७-४१००६६
info@bhimphedimun.gov.np
bhimphedi.rm@gmail.com
www.bhimphedimun.gov.np

# भीमफेदी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भीमफेदी, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४

चलानी नं :

मिति : २०८३/०६/०९

## अत्यन्त जरुरी सुचना

नेपाल मौसम विज्ञान विभागद्धारा मिति २०८३ साल असोज ५ गते सोमबार र त्यस पश्चात पटक-पटक जारी विशेष मौसमी बुलेटिन अनुसार यही मिति २०८३ असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म (३ दिन) हावाहुरीसहित भारीदेखि अतिभारी बर्षाको सम्भावना रहेको छ । मिति २०८३ साल असोज ०८ गते विहान देखि मध्यम खालको वर्षा भईरहेको तथा २०८३ साल असोज ९ गतेको विहानको समय देखि हावा सहित बर्षाको भई रहेको हुँदा यस गाउँपालिका भित्रका भिरालो तथा पहिरोको जोखिममा रहेका घरहरु नदी किनाराका घर तथा बस्ती साथै तटीय क्षेत्रमा बसोबास गर्ने घरपरिवार तथा आम भीमफेदीबासी नागरिकहरुलाई असुरक्षित महसुस हुने भएको खण्डमा स्थानीय जनप्रतिनिधिज्यूहरु, टोल विकास संस्थाका पदाधिकारीहरु, सुरक्षित स्थानमा रहेका छिमेकीहरु, नागरिक समाजका प्रतिनिधिहरु तथा नजिकको सुरक्षाकर्मीलाई तत्काल खबर गरी उच्च सतर्कता अपनाउन हुन अनुरोध छ । साथै यस किसिमको जोखिमको अवस्था सृजना भएको महशुस भएमा नजिकको सुरक्षित छिमेकीको घरमा सामुदायिक भवन, विद्यालय, सरकारी तथा गैर- सरकारी भवन तथा सुरक्षित स्थानमा सुरक्षित तरीकाले व्यवस्थापन गरी नागरिकको जीउज्यानको सुरक्षा र मानवीय क्षति हुननदिन यस गाउँपालिकाका पदाधिकारीज्यूहरु, गाउँपालिका कार्यालयमा कार्यरत कर्मचारीहरु, वडामा कार्यरत विभिन्न समूह/ सेवाका कर्मचारीहरु, स्थानीय क्लव, टोल विकास संस्थाका पदाधिकारी र सदस्यहरु, सामाजसेवी, पत्रकार, नागरिक समाजका प्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधिज्यूहरु, सुरक्षाकर्मीज्यूहरु, सरकारी तथा गैर सरकारी क्षेत्रका पदाधिकारीज्यूरुहरुमा विपद् पूर्व तयारी तथा विपद् पछिको घटनामा खोज, उद्धार, राहात वितरण कार्यमा सक्रियता पूर्वक आ- आफ्नो क्षेत्रबाट साथ- सहयोग र हातमालो गरिदिनुहुन हार्दिक अनुरोध छ ।

२०८३/०६/०९

चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



CamScanner